# गोदावरी नगरपालिकाको विनियोजन

# विधेयक,२०८०

गोदावरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बज्रवाराही, ललितपुर

# गोदावरी नगरपालिकाको विनियोजन विधेयक, २०८०

गोदावरी नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को सार्वजनिक सेवा तथा विकास निर्माण कार्यको लागि स्थानीय सञ्चित कोषबाट खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक।

**प्रस्तावनाः** गोदावरी नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को सार्वजनिक सेवा तथा विकास निर्माण कार्यको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम गोदावरी नगरपालिकाको तेह्रौ नगरसभा समक्ष प्रस्तुत विनियोजन विधेयक, २०८०।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस विधेयकको नाम "गोदावरी नगरपालिकाको विनियोजन विधेयक, २०८०" रहेको छ।

(२) यो विधेयक नगरसभाबाट पारीत भएपछि ऐन आर्थिक वर्ष २०८०/०८१ का लागि मिति २०८० श्रावण १ गतेबाट लागू हुनेछ।

२. **आर्थिक वर्ष २०८०/८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त गोदावरी नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सार्वजनिक सेवा तथा विकास निर्माण कार्यको निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च समेत गरी जम्मा रकम रू.२ अर्ब ३३ करोड /– मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः**

(१) यस विधेयक/ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१ को निमित्त गोदावरी नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सार्बजनिक सेवा तथा बिकास निर्माण कार्यहरूको निमित्त बिनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सार्वजनिक सेवा तथा विकास निर्माण कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गोदावरी नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च चालू खर्च शीर्षक तर्फ सार्न सकिने छैन।

तर चालु तथा पूँजीगत खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ।

४. नगरपालिका सञ्चालन गर्न आर्थिक ऐन तथा विनियोजन ऐन भित्र रही सबै कार्य गर्न नसकिने विशेष परिस्थितिमा विशेष नगर अधिवेशन बोलाई बजेट नीति तथा कार्यक्रम, आर्थिक ऐन तथा विनियोजन ऐन संशोधन गरी व्यवस्थापन गरिनेछ।

गोदावरी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

बज्रवाराही, ललितपुर

आर्थिक वर्ष २०८०/०८१

अनुसूची–१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानकोधारा २२९(२) बमोजिम

**<u>सञ्चित कोषबाट बिनियोजन हुने रकम</u>**

- आन्तरिक राजश्व तर्फ रू.२५ करोड,
- गत आर्थिक वर्षको अल्या रू.७२ करोड ३२ लाख१८ हजार,
- संघीय सरकार समानीकरण अनुदान तर्फ रू.१९ करोड ४७ लाख,
- संघिय सरकार शशर्त चालु४० करोड ४७ लाख
- संघिय सरकार शशर्त पुजीगत ५० लाख
- संघिय सरकार समपूरक अनुदान ८० लाख,
- संघिय सरकार बिशेष अनुदान ४ करोड ,
- संघीय सरकार राजश्व बाँडफाँड तर्फ रू.१३ करोड१० लाख ७९ हजार ,
- प्रदेश सरकार शशर्त अनुदान २ करौड ३० लाख २६ हजार
- प्रदेश सरकार समानीकरण अनुदान तर्फ रू.२ करोड १२ लाख२१ हजार,
- प्रदेश सरकार राजश्व बाँडफाँड तर्फ रू.५ करोड ४० लाख ५६ हजार,
- मालपोत राजश्व बाँडफाडबाट रू.४० करोड,
- प्रदेश सरकार समपूरक अनुदान ३ करोड,
- प्रदेश सरकार बिशेष अनुदान १ करोड
- ललितपुर महानगरपालिका ५० लाख
- सडक बोर्ड ५० लाख
- लागत सहभागीता २ करोड ५० लाख,

जम्मा २ अर्ब ३३ करोड